नेपाल धितोपत्र बोर्ड
२०५०
ललितपुर

# प्रेस विज्ञप्ति

**विश्व लगानीकर्ता सप्ताह २०२३ का अवसरमा लगानीकर्ता शिक्षा तथा सचेतना सम्बन्धी कार्यक्रमहरु सम्पन्न ।**

धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संगठन (IOSCO) को आह्वानमा उक्त संस्थाको एशोसियट सदस्य रहेको नेपाल धितोपत्र बोर्ड(बोर्ड) को संयोजकत्वमा यही मिति २०८० असोज १५ देखि २१ (तदनुसार October 2 to 8, 2023) गते सम्म आयोजना भएको विश्व लगानीकर्ता सप्ताह २०२३ (World Investor Week 2023) लगानीकर्ता शिक्षा तथा सचेतना सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गरी समापन भएको छ । उक्त अवसरमा Investor Resilience, Securities Instruments, Sustainable Finance, Frauds and Scams Prevention, Basics of Investing, Technology and Digital Finance सम्बन्धी मुख्य सन्देश रहेको विश्व लगानीकर्ता सप्ताह २०२३ बोर्डको अगुवाई तथा समन्वयमा पुंजी बजारसम्बन्धी सम्पूर्ण पक्षहरु क्रमशः नेपाल स्टक एक्सचेन्ज लि.(नेप्से), सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससी), नेपाल मर्चेन्ट बैंकर्स संघ (एमबान), स्टक ब्रोकर एसोसिएसन अफ नेपाल(एसबान), धितोपत्र ब्रोकर्स एशोसियन(डिबान), क्रेडिट रेटिङ्ग संस्थाहरु, नागरिक स्टक डिलर तथा विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरु समेतको सहभागितामा साताव्यापी रुपमा लगानीकर्ता शिक्षा तथा सचेतना सम्बन्धी देशभर विविध कार्यक्रमहरु संचालन भएका थिए ।

माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतद्वारा समुद्घाटन भएको उक्त सप्ताहव्यापी कार्यक्रम अन्तर्गतको प्रथम कार्यक्रमः बजार पूर्वाधार, उपकरण, लगानीकर्ताको व्यवहार र बजार स्थायित्व सम्बन्धी सम्मेलन (Conference) रहेको थियो । माननीय अर्थमन्त्रीद्वारा लगानीकर्ता शिक्षा तथा सचेतना अभिवृद्धि, स-साना लगानीकर्ताहरुको हित संरक्षण र नियमन निकायको सशक्त भूमिका  आवश्यक रहेको हालको सन्दर्भमा बोर्डले सप्ताहव्यापी रुपमा गर्न गइरहेको विश्व लगानीकर्ता सप्ताह महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा माननीय अर्थमन्त्रीबाट AI based Chatbot सेवाको सुरुवात गर्नुहुदै उक्त सेवाबाट आम लगानीकर्ताका लागि बजार सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न तथा जिज्ञासा समाधान गर्न सहज हुने विचार व्यक्त गर्नुभयो । साथै उक्त अवसरमा माननीय अर्थमन्त्रीद्वारा बोर्ड, नप्से, सिडिएससिद्वारा प्रकाशित क्रमशः **धितोपत्र बजार तथा लगानीका आधारभूत पक्ष; दोस्रो बजार र लगानी**; र **केन्द्रीय निक्षेप प्रणाली र राफसाफ तथा फछ्र्यौट** सम्बन्धी जानकारीमूलक पुस्तिका विमोचन गरिएको थियो । सोहि कार्यकममा विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीबीच आयोजित निबन्ध प्रतियोगितामा त्रिभुवन विश्वविद्यालयका श्री विश्व भण्डारीले प्रथम स्थान तथा संभव लाखेले द्वितीय स्थान प्राप्त गरेकोमा उत्कृष्टताको प्रमाणपत्र तथा नगद रकम प्रदान गरी पुरस्कृत गरिएको थियो  । त्यसैगरी पहिलो कार्यक्रमको रुपमा संचालित सर्वसाधारण लगानीकर्ता, विद्यार्थी, आर्थिक पत्रकार तथा बजार व्यवसायीहरुको उल्लेख्य उपस्थिति रहेको बजार पूर्वाधार, उपकरण, लगानीकर्ताको व्यवहार र बजार स्थायित्व सम्बन्धी सम्मेलनमा नेप्से, नागरिक स्टक डिलर, एसबान र बजार विज्ञको प्रस्तुति रहेको थियो ।

सप्ताहको दोस्रो दिनको कार्यकममा बोर्ड र सम्पूर्ण बजार सहभागीहरुद्वारा लगानीकर्ताको हक, हित सुरक्षा तथा लगानीकर्ताले सुसूचित निर्णय लिन टेवा पुगोस भनी मुख्य सन्देश आ-आफ्नो वेबसाइट तथा विभिन्न पत्रपत्रिका मार्फत प्रकाशन तथा प्रसारण गरिएको थियो ।

सप्ताहको तेस्रो दिनमा नेप्से र सिडिएससिको सहकार्यमा विभिन्न कलेजहरुमा अध्ययनरत विद्यार्थी सम्मिलित धितोपत्र बजार संचालन, केन्द्रीय निक्षेप प्रणाली र राफसाफ तथा फछ्र्यौट सेवा सम्बन्धी जानकारी दिने उद्देश्यले निर्देशित भ्रमण (Guided Tours) कार्यक्रम संचालन गरिएको थियो ।

सप्ताहको चौथो दिनमा कार्यक्रममा बोर्ड र निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ( एफएनसिसिआई) बीच देशव्यापीरुपमा लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संयुक्तरुपमा संचालनका लागि पारस्परिक सम्झौता(MoU) सम्पन्न भएको थियो साथै उक्त सम्झौता अनुसार संयुक्तरुपमा संचालित धितोपत्र बजारमा लगानी तथा जोखिम व्यवस्थापन विषयक पहिलो कार्यक्रममा सर्वसाधारण लगानीकर्ता, उद्योग व्यवसायी, विद्यार्थी तथा आर्थिक पत्रकारको उल्लेख्य सहभागिता रहेको थियो ।

सम्ताहको पाँचौ दिनको कार्यक्रममा बोर्डद्वारा स्थानीय तहका कर्मचारी तथा पदाधिकारी, सहकारी, तथा विभिन्न सामाजिक संघसंस्थाका कर्मचारीहरुलाई धितोपत्र बजार सम्बन्धी शिक्षा तथा सचेतना प्रदान गर्न दक्षिणकाली नगरपालिकासंगको सहकार्यमा उक्त क्षेत्रका प्रतिनिधि सभा सदस्य माननीय राजन के.सी.को प्रमुख आतिथ्यतामा उक्त नगरपालिकामा प्रशिक्षण कार्यक्रम संचालन भएको थियो ।

साथै छैठौं दिनको कार्यक्रममा धितोपत्र बजार तथा वस्तु विनिमय सम्बन्धी बजारका विज्ञ सम्मिलित लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि विषयक रेडियो छलफल कार्यक्रम प्रसारण गरिएको थियो । उक्त रडियो कार्यक्रमबाट देशभर रहेका आम लगानीकर्ता लाभान्वित भएको बोर्डले अपेक्षा गरेको छ । त्यसैगरी धितोपत्र ब्रोकर्स एशोसियनले धितोपत्र बजार सम्बन्धी सचेतना अभिबृद्धि गर्न प्लेकार्ड सहित भृकुटि मण्डपबाट बसन्तपुर दरवार स्क्वायरसम्म वाकाथन (Walkathon) संचालन गरेको थियो । त्यसैगरी नेपाल मर्चेन्ट बैंकर्स संघले कुल ३१ वटा कलेजका स्नातक तहका विद्यार्थीलाई सामेल गरेर पुंजी बजार विषयमा बृहत हाजिरीजवाफ प्रतियोगिता संचालन गरेको थियो । उक्त कार्यक्रकममा प्रथम, द्वितीय र तृतीय स्थान क्रमसः काठमाडौं विश्वविद्यालय स्कूल अफ म्यानेज्मेन्ट, नेशनल कलेज अफ म्यानेज्मेन्ट र क्वेष्ट इन्टरनेशल कलेजले हासिल गरेकोमा सहभागी विद्यार्थीहरुलाई बोर्डका अध्यक्ष श्री रमेश कुमार हमालद्वारा पुरस्कृत गरिएको थियो ।

बोर्डको समन्वयमा चौथो, पाँचौ र छैटौ दिनमा नेप्से, सिडिएससि, एमबान, एसबान, धितोपत्र ब्रोकर्स एशोसियन नेपाल, क्रेडिट रेटिङ्ग संस्था र नागरिक स्टक डिलरको संयुक्त आयोजनामा देशको सातै प्रदेशका विभिन्न जिल्लाका कुल ४० भन्दा बढी स्थानमा लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरिएका थिए ।

विश्व लगानीकर्ता सप्ताह २०२३ को सातौं तथा अन्तिम दिनको कार्यक्रममा लगानीकर्ता शिक्षा, सचेतना तथा सुसूचित निर्णयका लागि विश्व लगानीकर्ता सप्ताह २०२३ को मुख्य सन्देशलाई आधार बनाई बोडले वेबिनार (Webinar) कार्यक्रम संचालन गरेको थियो । धितोपत्र ब्रोकर्स एशोसियन नेपालले पुंजी बजार विकास तथा सुधार सम्बन्धमा अर्न्तकृया कार्यक्रम संचालन गरेको थियो ।

बोर्डको संयोजकत्वमा संचालित विश्व लगानीकर्ता सप्ताह २०२३ अन्तर्गत देशव्यापीरुपमा संचालित लगानीकर्ता शिक्षा तथा सचेतना सम्बन्धी विभिन्न कार्यक्रमहरुबाट धितोपत्र बजार सम्बन्धी ज्ञान तथा शिक्षा, सूचना, गतिविधि तथा महत्वका बारेमा आम लगानीकर्ताहरुमा सचेतनाको स्तर अभिबृद्धि आई सोबाट पुंजी बजारमा स्थिरता तथा विश्वसनीयता अभिवृद्धि हुने विश्वास बोर्डले लिएको छ ।